# सूर्योदय नगरपालिकाको विद्यालय कार्यसम्पादन (प्रथम संशोधन) निर्देशिका , २०८१

कार्यपालिकाबाट स्वीकृत मिति – २०८१/०७/०६

**प्रस्तावना :** सूर्योदय नगरपालिकाको विद्यालय कार्यसम्पादन निर्देशिका २०७८ लाई संशोधन गर्न बाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको कार्यपालिकाले देहाय बमोजिमको निर्देशिका बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१) यो निर्देशिकाको नाम **सूर्योदय नगरपालिकाको विद्यालय कार्यसम्पादन (प्रथम संशोधन) निर्देशिका २०८१ हुनेछ ।**

(२) यो निर्देशिका कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :**

(क) "मूल निर्देशिका" भन्नाले "सूर्योदय नगरपालिकाको विद्यालय कार्यसम्पादन निर्देशिका २०७८ " लाई जनाउनेछ ।

**३. मूल कार्यविधिको परिच्छेद २ को दफा ४ को (घ) पछि देहायको ( घ १) थप गरिएको छ ।**

( घ १) शैक्षिक सत्र सुरु भएको ४५ दिन भित्र विद्यालयले "कार्यसम्पादन मूल्याङ्कन प्रणाली" सफ्टवेयरमा स्वमूल्याङ्कन नतिजा प्रविष्टि गरि सक्नु पर्ने छ ।

**४. मूल कार्यविधिको परिच्छेद २ को दफा ४ को (ङ) मा**

**कार्य सम्पादन मूल्याङ्कन गर्न नगरपालिकाको शिक्षा शाखा प्रमुखको संयोजकत्वमा प्रमुख प्रशासकीय अधिकृतले तोकेको १ जना कर्मचारी सहित २ सदस्यीय समिति गठन गरी** पछिको वाक्यांश हटाइ देहायको वाक्यांश थप गरिएको छ।

**( देहाय )**

हरेक वर्षको श्रावण मसान्तभित्र कार्यसम्पादन मूल्याङ्कन प्रणालीको सफ्टवेयरमा विद्यालयले प्रविष्टि गरेको नतिजा मूल्याङ्कन गरी नगरपालिका समक्ष अनुसूची -५ बमोजिको ढाँचामा सिफारिससहित प्रतिवेदन पेश गर्नु पर्ने छ ।

**५. मूल कार्यविधिको परिच्छेद २ को दफा ४ को (छ) को मूल्याङ्कनबाट प्राप्त निष्कर्षका आधारमा नगर कार्यपालिकाले विद्यालयहरुलाई पछि देहायको वाक्यांश थप गरिएको छ ।**

**(देहाय)**

"कार्यसम्पादन मूल्याङ्कन प्रणाली" सफ्टवेयरको नतिजा अनुसार

**६. मूल कार्यविधिको परिच्छेद २ को दफा ४ को (ज) को सट्टा देहायको ४ (ज) राखिएको छ ।**

४ (ज) वर्गीकरणका आधारमा उत्कृष्ठ चार विद्यालयलाई नगरपालिकाले तोके बमोजिमको कार्यक्रममा पुरस्कृत गरिने छ । मूल्याङ्कन समितिले उत्कृष्ट ४ विद्यालयको नाम अनुसूची – ६ का साथ पेश गर्नु पर्ने छ ।

प्रथम हुने माध्यमिक, आधारभूत (कक्षा १-८) र आधारभूत (कक्षा १-५) तीन वटा विद्यालयलाई रु. ५०,०००।– र सम्मान पत्र

दोस्रो हुने आधारभूत (कक्षा १-५) एक विद्यालयलाई रु. २५,०००।– र सम्मान पत्र

**७. मूल कार्यविधिको परिच्छेद २ को दफा ६ को (ख) पछि देहायको (ख १) थप गरिएको छ ।**

(ख१) मूल्याङ्कन समितिलाई मूल्याङ्कन कार्य गरेबापत नियमानुसारको भत्ता उपलब्ध गराइने छ ।